# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## १६औं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०

## सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको १६ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधिहरू, कम्पनीको बाह्य लेखापरीक्षक, कम्पनीको कानूनी सल्लाहकार, कर्मचारीहरू लगायत सबैलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछौं । समीक्षा अवधि २०७९।८० मा कम्पनीका आयोजनाहरूको कार्यान्वयन तथा सेवा वितरणमा सहजता आएको, 4G तथा FTTH सेवाको व्यापक विस्तार भएको जस्ता कारणले विविध चुनौतिका बीच पनि सेवाहरुको प्रवाह तथा बजार विस्तारलाई निरन्तरता दिइएको छ । समीक्षा अबधिमा दूरसञ्चार सेवाहरुको उपभोक्ता मूल्यमा आएको निरन्तरको कमी, बढ्दो रुपमा विद्यार्थी तथा श्रमिक वर्गको वहिर्गमनले गर्दा उपभोगमा अपेक्षित वृद्धि नभएको, समग्र अर्थतन्त्रमा देखिएको मन्दी र उपभोक्ताको क्रयशक्तिमा आएको ह्रास आदिले गर्दा अर्थतन्त्रका अन्य क्षेत्र जस्तै दूरसञ्चार क्षेत्र पनि प्रभावित भएको र त्यसको असर कम्पनीको राजस्वमा पनि देखिएको छ। OTT सेवाहरूको व्यापक प्रयोगका कारणले अन्तरआवद्धता राजश्वमा कमी आएको छ । राजस्व वृद्धिमा निरन्तर देखिएको चुनौतिको परिप्रेक्ष्यमा कम्पनीले यथासम्भव खर्च न्यूनिकरण गर्ने तथा वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गरी कम्पनीको वित्तीय स्वास्थ्य सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

परिवर्तित स्थितिमा आम ग्राहकहरूको चाहना तथा आवश्यकता (Voices and Choices of customers) लाई मध्यनजर गरी नवीनतम प्रविधिमा आधारित गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्न आफ्नो सबै स्रोत तथा साधनहरूलाई अधिकतम् परिचालन गर्दै आएको छ । मुलुकका सम्पूर्ण भू–भागमा बसोबास गर्ने जनताहरूलाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने योजना अन्तर्गत कम्पनीले अत्यन्त तीव्र गतिको वायरलेस प्रविधिको 4G/VoLTE advanced सेवालाई देशका ७७ वटै जिल्लामा विस्तार गरिएको छ र सेवाको पहुँच नपुगेका दुरदराजका क्षेत्रमा सेवा पुर्‍याउने कार्य निरन्तर जारी रहेको छ । त्यसैगरी नेपाल सरकारको डिजिटल नेपालको अवधारणालाई मूर्तरूप दिन कम्पनीले FTTH सेवा विस्तारलाई विशेष जोड दिंदै ७३ जिल्लामा सो सेवा पुर्‍याइसकेको छ र वांकी जिल्लाहरुमा पुर्‍याउनेतर्फ कार्य भैरहेको छ । त्यस्तै कम्पनीको वित्तीय अवस्था सुधार गर्न ताररहित सेवाहरूमा आमूल रूपान्तरण सहित विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार र सेवाहरूको गुणस्तर सुधार लगायतका कार्यहरूलाई निरन्तरता दिइएको छ ।

कम्पनीले संस्थागत सुशासनलाई प्राथमिकतामा राख्दै आफ्ना नीति तथा नियमहरू पारदर्शी रूपमा प्रस्तुत गर्ने गरेको छ । आर्थिक वर्ष २०७९।८० मा कम्पनीले गरेका प्रगतिहरू, उपलब्धिहरू तथा कम्पनी सञ्चालनमा देखिएका चुनौतीहरू एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरू सहितको प्रतिवेदन कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम तयार गरी सञ्चालक समितिको तर्फबाट यस सभामा स्वीकृतिको लागि पेश गरिएको छ ।

## कम्पनीको कार्य सम्पादन

### वित्तीय उपलब्धी

आ.व. २०७९/८० मा कम्पनीको कूल आय रु. ४४ अर्ब ४२ करोड कायम भएको छ जुन गत वर्षको तुलनामा ०.११ प्रतिशतले बृद्धि भएको छ। समीक्षा अवधिमा कम्पनीको कुल आयमा बृद्धि भएतापनि कार्यसञ्चालन आय ४.३५ प्रतिशतले कम भएको छ। त्यस्तै नाफा ६.५० प्रतिशतले कम भई रु. ७ अर्ब ९२ करोड कायम भएको छ। कम्पनीको आय तथा नाफामा भएको परिवर्तनका मुख्य कारणहरु यस प्रकार रहेका छन् ।

- दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवा र Smart Phone को बढ्दो पहुँचले OTT (जस्तैःViber, Whatsapp, Messenger, imoआदि) सेवाहरुको ब्यापक प्रयोग, विदेशबाट हुने आगमनकल र मुलुकभित्र हुने कलको परिमाणमा असर पर्नु ।
- प्रविधिमा आएको परिवर्नका कारण PSTN तथा ADSL सेवाको राजश्व विगतका वर्षहरु देखि लगातार घट्दो क्रममा रहनु।
- PSTN र ADSL प्रविधिलाई FTTH प्रविधिमा रुपान्तरण गरिएका कारण FTTH सेवाको राजश्व निरन्तर बृद्धि।
- बढ्दो प्रतिस्तर्धाका कारण नियमित रुपमा महशुल दरमा गर्नु परेको कटौति, सस्तो दररेटमा उपलब्ध Offer Package का कारण Normal Tariff प्रयोग गर्ने भन्दा Combo Package प्रयोग गर्ने ग्राहकहरू बृद्धि भएका कारण लगातार ग्राहक संख्या बढेतापनि GSM सेवाको राजश्वमा उल्लेख्य वृद्धि हुन नसक्नु।
- सेवाको व्यापक विस्तार भएसंगै मर्मत संभार खर्चमा बृद्धि भएको हुंदा नाफामा कमि।
- Data सेवाको उच्च माग भएको र लगातार Bandwidth बढाउनु परेका करण Bandwidth खर्च बृद्धि भई Service Operation Cost बढ्न गएकाले नाफा कम भएको ।

**कम्पनीको वित्तीय उपलब्धिको मूख्य झलक यस प्रकार रहेको छः** **(रकम रु. अर्वमा)**

| विवरण | आर्थिक वर्ष | | बढी/(घटी) | |
|---|---|---|---|---|
| | २०७९/८० | २०७८/७९ | रु. मा | प्रतिशतमा |
| कूल आय | ४४.४२ | ४४.३७ | ०.०५ | ०.११ |
| सञ्चालन आय | ३६.२७ | ३७.९२ | (१.६५) | (४.३५) |
| कर्मचारी खर्च | ७.९५ | ७.३७ | ०.५८ | ७.८६ |
| मर्मत तथा सञ्चालन खर्च | ७.६३ | ७.०६ | ०.५७ | ८.०७ |
| कार्यालय सञ्चालन खर्च | १.३१ | १.१२ | ०.१९ | १६.९६ |

| | | | | |
|---|---|---|---|---|
| कूल खर्च | ३२.५८ | ३१.३१ | १.२७ | ४.०५ |
| **नाफा** | **७.९२** | **८.४७** | **(०.५५)** | **(६.५०)** |
| प्रति शेयर आम्दानी (रु.) | ४४.०० | ४७.०६ | ३.०६ | (६.५०) |
| नेटवर्थ प्रतिशेयर (रु.) | ५२१.९२ | ५२९.२७ | (७.३५) | (१.३९) |

**आय**

बढ्दो प्रतिस्तर्धाका कारण नियमित रुपमा महशुल दरमा गर्नु परेको कटौति, सस्तो दररेटमा उपलब्ध Offer Package का कारण ग्राहकहरु Normal Tariff प्रयोग गर्ने भन्दा Combo Package प्रयोग गर्ने ग्राहकहरू बृद्धि भएका कारण लगातार ग्राहक संख्या बढेतापनि GSM सेवाको राजश्व करिब रु.४४ करोडले कम भएको। त्यसैगरी CDMA प्रविधिमा रहेका ग्राहकहरुलाई GSM प्रविधिमा रुपान्तरण गरिएका कारण CDMA सेवाको आय करिब रु.६ करोडले कम भएको, दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवा र Smart Phone को बढ्दो पहुँचले OTT (जस्तैः Viber, Whatsapp, Messenger, imoआदि) सेवाहरुको ब्यापक प्रयोग, विदेशबाट हुने आगमनकल र मुलुकभित्र हुने कलको परिमाणमा असर परेका कारण अन्तरआवद्धता आय करिब रु. ६८ करोडले कम भएको छ। समग्रमा समिक्षा अवधिमा कुल कार्य सञ्चालन आय रु.१ अर्ब ६५ करोडले कम भएको छ।

यसैगरी बैंक तथा वित्तिय संस्थामा भएको लगानीमा गत आ.व. को तुलनामा समिक्षा अवधिमा प्रतिफलमा बृद्धि भएका कारण ब्याज आम्दानी करिब रु.१ अर्ब ६५ करोडले वृद्धि भएको छ ।

**अदृश्य सम्पत्ति (Intangible Assets)**

समिक्षा अवधिमा अदृष्य सम्पत्ति ३.४९ प्रतिशतले कम भई १ अर्ब ८६ करोड पुगेको छ। लाईसेन्सको अवधि पुगी अदृष्य सम्पत्तिमा ह्रासकट्टि (Amortization) गरेका कारण अदृष्य सम्पत्ति घट्न गएको हो।

**जायजेथा, प्लाण्ट र उपकरण (Property, Plant and Equipment)**

आयोजनाहरु सम्पन्न भई पूंजीकरण गरिएका सम्पत्तिहरुमा प्रयोग अवधिका आधारमा ह्रासकट्टि (Depreciation) गरेका कारण समीक्षा अवधिमा जायजेथा, प्लाण्ट र उपकरण १.३९ प्रतिशतले कम भई रु. ५० अर्ब ८५ करोड ९४ लाख पुगेको छ।

**प्रयोग अधिकार सम्पत्ति (Right of Use (ROU) Assets)**

कम्पनीबाट लिजमा लिई प्रयोग भैरहेका सम्पत्तिहरुको कम्पनीको लेखा नीति तथा IFRS/NFRS वमोजिम ह्रासकट्टि (Amortization) गरेका कारण प्रयोग अधिकार सम्पत्ति समीक्षा अवधिमा २४.३३ प्रतिशतले कम भई रु.१ अर्ब ७७ करोड ८९ लाख पुगेको छ।

**पूँजीगत कार्य प्रगति (Capital work in Progress)**

आयोजनाहरु सम्पन्न भई पूंजीकरण गरिएको कारणले समीक्षा अवधिमा पूजीगत कार्यप्रगति ९.३४ प्रतिशतले कम भई रु. ५ अर्ब ४३ करोड ३४ लाख पुगेको छ।

**दिर्घकालिन ऋण तथा अग्रिम भुक्तानी (Longterm Loan and Advances)**

आयोजनाहरु सम्पन्न गर्नका लागि आपूर्तिकर्तालाई दिईएको अग्रिम भुक्तानी रकम आयोजनाहरु सम्पन्न भई पूंजीकरण गरिएको कारणले समीक्षा अवधिमा १६.७६ प्रतिशतले कम भई रु.९८ करोड ५३ लाख पुगेको छ।

**मुद्दति निक्षेप, ऋणपत्र तथा सामुहिक लगानी कोषमा लगानी (Investment in Term Deposit, Debenture and Mutual Fund)**

कम्पनीमा रहेको सञ्चित रकमलाई उच्चतम परिचालन गर्न बैंक तथा वित्तिय संस्थाको मुद्दति निक्षेप तथा ऋणपत्रमा गरिएको लगानि समिक्षा अवधिमा २.५१ प्रतिशतले बृद्धि भई रु. ५६ अर्ब ५२ करोड ३० लाख पुगेको छ।

**स्थगन कर सम्पत्ति (Deferred Tax Assets)**

समिक्षा अवधिमा कर प्रयोजनका लागि दावी हुने खर्च किताबी खर्च भन्दा कम भएका कारण स्थगन कर सम्पत्ती समीक्षा अवधिमा १७.७८ प्रतिशतले वृद्धि भई रु.९ अर्ब ७८ करोड ८९ लाख पुगेको छ ।

**शेयर लगानी (Equity Investment)**

समीक्षा अवधिमा कम्पनीले नेशनल फण्ड मेनेजमेन्ट कम्पनीको संस्थापक शेयरमा रु.६ करोड लगानी गरेका कारण शेयर लगानी ४६.१५% ले बृद्धि भई १९ करोड पुगेको छ।

**जिन्सी मौज्दात (Inventories)**

सेवा विस्तारको लागि आवश्यक पर्ने जिन्सी उपकरणहरु खरिद गरिएका कारण समीक्षा अवधिमा जिन्सी मौज्दात ३१४.११ प्रतिशतले बृद्धि भई रु.७० करोड ७६ लाख पुगेको छ।

**प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी (Accrual, Advances and Other Receivables)**

समीक्षा अवधिमा प्राप्त गर्नुपर्ने व्याज रकमहरु प्राप्त गर्न बाँकी रहेको हुंदा उक्त रकमलाई प्रोदभावी रकम कायम गरिएको हुंदा प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी १५१.१५% ले बृद्धि भई ७० करोड १० लाख पुगेकोछ।

**दिर्घकालिन कर्मचारी सुविधा (Post Employee Benefit)**

कर्मचारीलाई भुक्तानी गर्नु पर्ने दायित्व Actuarial Valuation अनुसार वृद्धि भएका कारण समीक्षा अवधिमा दिर्घकालिन कर्मचारी सुविधा १४.७८ प्रतिशतले वृद्धि भई रु. २२ अर्व ८१ करोड पुगेको छ ।

**स्थगन सरकारी अनुदान (Deferred Government Grant)**

समिक्षा अवधिमा स्थगन सरकारी अनुदान ७८.०९ प्रतिशतले बृद्धि भई रु.१ अर्ब ५३ करोड ३४ लाख पुगेको छ।

**व्यवसायिक दायित्व (Trade Payable)**

सेवाको विस्तार तथा गुणस्तर सुधारका लागि थप व्याण्डविथ खरिद गरिएका कारण समीक्षा अवधिमा व्यवसायिक दायित्व ३६.१५ प्रतिशतले बृद्धि भई रु.२ अर्ब ६६ करोड ५५ लाख पुगेको छ।

**व्यवस्थाहरु (Provisions)**

जि.एस.एम लाइसेन्स वापत तेस्रो नविकरण शुल्कको लागि रु. ४ अर्ब को थप व्यवस्था गरिएको हुंदा समिक्षा अवधिमा व्यवस्थाहरु ३१.७६ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ७६ करोड ४४ लाख पुगेको छ ।

**सेवाको मर्मत तथा संभार खर्च (Operation and Maintenance Costs)**

कम्पनीमा प्रयोग भएका उपकरणहरुको मर्मत तथा संभारमा गरिएको कारण समिक्षा अवधिमा मर्मत तथा संभार खर्च १०.३९ प्रतिशतले बृद्धि भई रु. ७ अर्ब ८४ करोड पुगेको छ ।

**कार्यालय सञ्चालन खर्च (Office Operation Expenses)**

कार्यालयका कर्मचारीहरुलाई सेवा वितरणका लागि प्रयोगमा रहेका उपकरण तथा प्रणालिहरु सम्बन्धी तालिम प्रदान गरिएका कारण समीक्षा अवधिमा कार्यालय सञ्चालन खर्च १६.९८ प्रतिशतले बृद्धि भई १ अर्ब ३१ करोड २१ लाख पुगेको छ।

### बैदेशिक मुद्रा सटही दरबाट भएको (नोक्सान)/नाफा -Foreign Exchange (Loss)/Gain

बैदेशिक मुद्राको दर रेटमा भएको परिवर्तनका कारण समिक्षा अवधिमा रु. २० करोड ८७ लाख नाफा भएको छ। गत आ.व. मा बैदेशिक मुद्राको सटहि दर परिवर्तन मार्फत ३४ करोड ५९ लाख नाफा भएको ।

### सहायक कम्पनीको सञ्चालन तथा वित्तीय उपलब्धिको मुख्य झलक

### सहायक कम्पनी नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड (NDPC) को विवरण

सर्वसाधारणलाई मोबाइल वित्तीय सेवा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसँगको सहकार्यमा कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको रूपमा २०७७ श्रावण १३ गते नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड (NDPC) स्थापना गरिएको हो । नेपाल टेलिकम सहायक कम्पनीको रूपमा स्थापना गरिएको NDPC लाई नेपाल राष्ट्र बैकबाट २०७७ चैत ३ गते भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ अन्तर्गत इजाजतपत्र प्राप्त भएको छ ।

देशभरि नै सजिलो, किफायती, भरपर्दो र सुविधाजनक डिजिटल भुक्तानी सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापना गरिएको सो कम्पनीले मिति २०७८ भाद्र २९ देखि 'नमस्ते पे' ब्राण्ड सहित सेवा प्रदान गरेको छ । बैंकिङ तथा डिजिटल रूपमा बैंकिङ पहुँच नभएका सेवाग्राहीलाई नगद रहित वित्तीय प्रणालीमा समावेश गरी डिजिटल समाज निर्माण गर्ने लक्ष्य कम्पनीले राखेको छ।

### सहायक कम्पनी नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको वित्तीय अवस्थाको विवरण

(रकम रु. मा)

| विवरण | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|
| सञ्चालन आय | १५,४३९,७५८ | ८५,२०,७७७ |
| वित्तीय आम्दानी | २९,५५८,१७० | २७,३४४,३५२ |
| अन्य आम्दानी | ४३,१२९ | - |
| कुल आम्दानी | ४५,०४१,०५७ | ३५,८६५,१२९ |
| कर्मचारी खर्च | १९,०३७,३७६ | १२,४०७,४४८ |
| मर्मत तथा सञ्चालन खर्च | २३,९३८,६०६ | १३,३७७,२४० |
| बजारीकरण तथा प्रवर्द्धन खर्च | ३१,२१५,८२८ | ८,६६४,६४५ |
| कार्यालय सञ्चालन खर्च | ७,५७८,५६६ | ६,९३०,३४२ |
| कुल खर्च | ११४,९४६,९५२ | ७८,५५३,०२१ |
| नाफा/(नोक्सान) | (५३,२१८,१२९) | (३३,२५७,५५८) |
| प्रति शेयर आम्दानी (रु.) | (१३.३०) | (८.३१) |
| नेटवर्थ प्रतिशेयर (रु.) | ७८.३२ | ९१.६३ |


## व्यावसायिक उपलब्धि

**भ्वाइस सेवा**

गत आ. व. मा २ करोड २१ लाख ८८ हजार ग्राहक आधार रहेकोमा यस आ. व. मा करिब ९ लाख ४१ हजार ग्राहक ह्रास आई कुल ग्राहक आधार करिब २ करोड १२ लाख ४६ हजार पुगेको छ । कम्पनीको कुल भ्वाइस सेवाको ग्राहक मध्ये GSM मोबाइल सेवामा ९५.९९ प्रतिशत ग्राहक रहेका छन्। देशभरिको समग्र भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा समिक्षा अबधिमा ७.८२ प्रतिशतले बृद्धि भई ६१.५१ प्रतिशत पुगेको छ ।

**कम्पनीको विभिन्न प्रविधि अन्तर्गतका भ्वाइस सेवाका ग्राहकहरू निम्नानुसार रहेका छन्:**

| विवरण | आ.व. | | बढी/(घटि) | बढी/(घटि) प्रतिशतमा | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|---|
| | २०७९।८० | २०७८।७९ | | | |
| आधारभूत टेलिफोन | ४०७,३४६ | ४८३,१८९ | -७५,८४३ | -१५.६९ | १.९२ |
| जि एस एम | २०,३९४,९५३ | २१,०५१,४०५ | -६५६,४५२ | -३.११ | ९५.९९ |
| सिडिएमए | १३६,५७३ | ४३७,१९२ | -३००,६१९ | -६८.७६ | ०.६४ |
| एफ टि टी एच | ३०७,२७१ | २१६,०३६ | ९१,२३५ | ४२.२३ | १.४५ |
| जम्मा ग्राहक | २१,२४६,१४३ | २२,१८७,८२२ | -९४१,६७९ | -४.२४ | १०० |
| **कम्पनीनकी बजार हिस्सा** | **६१.५१** | **५३.६९** | | **७.८२** | |



## डाटा सेवा

गत आ. व. मा ग्राहक आधार २ करोड १४ लाख ८५ हजार रहेकोमा समिक्षा अबधिमा २ करोड ६ लाख ८७ हजार पुगेको छ । कम्पनीको कुल डाटा सेवाको ग्राहक मध्ये GSM मोबाइल सेवामा ९८.५९ प्रतिशत ग्राहक रहेका छन्। देशभरिको समग्र डाटा सेवा (ब्रोडबाण्ड) तर्फ गत बर्ष कम्पनीको बजार हिस्सा ५३.६९ प्रतिशत रहेको समिक्षा अबधिमा ५१.०६२ प्रतिशत पुगेको छ।

### कम्पनीको विभिन्न प्रबिधि अन्तर्गतका डाटा सेवाका ग्राहकहरु निम्नानुसार रहेका छन्ः [२]

| विवरण | आ.व. | | बढी/(घटि) | बढी/(घटि) प्रतिशतमा | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|---|
| | २०७९।८० | २०७८।७९ | | | |
| जि. एस. एम. | २०,३९४,९५३ | २१,०५१,४०५ | (६५६,४५२) | (३.११) | ९८.५९ |
| सि.डि.एम.ए | - | १३६,५७३ | (१३६,५७३) | (१००) | ०.०० |
| वाइम्याक्स | - | ६,२९३ | (६,२९३) | (१००) | ०.०० |
| ए. डि. एस. एल. | ४३,८५४ | १००,४५५ | (५६,६०१) | (५६.३४) | ०.२१ |
| एफ. टि. टी. एच. | २४८,३८५ | १९१,०६१ | ५७,३२४ | ३० | १.२० |
| जम्मा ग्राहक | २०,६८७,१९२ | २१,४८५,७८७ | (७९८,५९५) | (३.७२) | १००.०० |
| **कम्पनीको बजार हिस्सा** | **५१.०६** | **५३.६९** | | **(२.६३)** | |


*नोटः सि.डि.एम.ए सेवा चालू आर्थिक वर्षको अन्त्यमा बन्द गरिएको र वाइम्याक्स सेवा गत आर्थिक वर्षको अन्त्यमा बन्द गरिएको ।*

*[१] नेपाल दूरसञ्चार प्राधिकरणको २०७९आषाढको MS Report अनुसार*

*[२] कम्पनीको २०७९ आषाढको MS Report अनुसार*

### आ. व. ०७५/७६ देखी डाटा सेवाका ग्राहकहरुको अवस्था

| सेवाहरु | आ.व.२०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|---|---|
| जि. एस. एम. | १३,३३९,६५९ | १४,६८८,५३९ | १९,९७१,०८६ | २१,०५१,४०५ | २०,३९४,९५३ |
| सि.डि.एम.ए | १३६,५७३ | १३६,५७३ | १३६,५७३ | १३६,५७३ | - |
| वाइम्याक्स | १८,१७८ | १८,४९१ | १८,५६१ | ६,२९३ | - |
| ए. डि. एस. एल. | २१३,३४१ | १९३,९३७ | १४९,३५२ | १००,४५५ | ४३,८५४ |
| एफ. टि. टी. एच. | ४,८२४ | ३७,१३८ | १२२,११० | १९१,०६१ | २४८,३८५ |
| **जम्मा ग्राहक** | **१३,७१२,५७५** | **१५,०७४,६७८** | **२०,३९७,६८२** | **२१,४८५,७८७** | **२०,६८७,१९२** |




## सेवा विस्तार

- एउटै लाइनबाट एकै पटक गुणस्तरीय टेलिफोन, उच्च गतिको ईन्टरनेट र टेलिभिजन (NTTV) समेत चलाउन सकिने FTTH प्रबिधिको विस्तारलाई समिक्षा अबधीमा बिशेष जोड दिईएको छ । आ. व. २०७९/८० मा ४,२७,७७६ लाइन क्षमताको नेटवर्क विस्तार गरी जम्मा ९८,३६२ FTTH लाइन (Unique CPE) बितरण गरिएको छ। २०८० आषाढ मसान्तसम्ममा कुल १४,८६,०८० FTTH लाइन वितरण गर्न सकिने पूर्वाधार नेटवर्क विस्तार गरी ७३ जिल्लाका बिभिन्न स्थानीय निकायमा कुल ३,५५,१३० लाइन (Unique CPE) मार्फत FTTH सेवा वितरण गरिएको छ । सो मध्ये FTTH Voice user ३,०७,२७१ FTTH Data user २,४८,३८५ र NTTV user २४,९४१ रहेका छन्।

- त्यसैगरि आ. व. २०७९/८० मा जडान गरिएको १६१ eNodeB हरु मार्फत थप ८ स्थानिय निकायमा 4G-LTE सेवा विस्तार भई २०८० आषाढ मसान्तसम्ममा ४,१६३ वटा eNodeB मार्फत ७४३ स्थानिय निकायमा ४G/LTE सेवाको पहुँच पुगेको छ ।

- त्यसैगरी सुगम स्थान देखि दुर्गम एवं विकट स्थानहरुमा Voice सेवालाई अझ प्रभावकारी बनाउन आ. व. २०७९।८० मा २०६ 2G/3G BTS जडान गरिएको छ।

- दूरसञ्चार क्षेत्रमा हुने नविनतम प्रविधिको विकास तथा विस्तार गर्ने कम्पनीको योजना अनुरुप आ. व. २०७९/८० मा 5G सेवा परिक्षण काठमाडौं, पोखरा र वीरगंज मा ५G गरिएको छ।

- गण्डकी तथा लुम्बिनी प्रदेशका १२ मुख्य-मुख्य स्थानमा 100G per Lambda क्षमताको DWDM उपकरणहरु पनि सञ्चालनमा आएका छन् ।

- ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजनाको कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश

अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा अप्टिकल फाईबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ. व. २०७९/८० को अन्त्यसम्ममा कुल १२२५ किलोमिटर विस्तार अप्टिकल फाईवर नेटवर्क पूर्णरुपमा तयार भईसकेको छ । साथै सोही प्रदेशहरुमा 10G/100G Interface क्षमताको Router र 100G per Lambda क्षमताको DWDM उपकरणहरु पनि सञ्चालनमा आएका छन्।

- त्यसैगरी कर्णाली र सूदूरपश्चिम प्रदेश अन्तर्गत मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा अप्टिकल फाईबर नेटवर्क (UG/ADSS) विस्तार गर्ने कार्यक्रम अन्तर्गत कम्पनीको Existing OFC Network समेत प्रयोग गर्ने व्यवस्था अनुसार थप ६७२ कि.मी. अप्टिकल फाईबर नेटवर्क गरी कर्णाली र सुदूरपश्चिप प्रदेशमा कुल ९७७ कि.मी. अप्टिकल फाईवर नेटवर्क पूर्णरुपमा तयार भएको छ।

- यसैगरी ग्रामिण दुरसञ्चार कोष अन्तर्गत अप्टिकल फाईवर नेटवर्क आयोजना प्रगति ६९ प्रतिशत, DWDM नेटवर्क प्रगति ९२ प्रतिशत र core router नेटवर्क प्रगति ९२ प्रतिशत रहेको ।

- यसै गरी तत्काल अप्टिकल फाईबर विस्तार गर्न नसकिने अति विकट एवं दुर्गम जिल्ला सदरमुकामहरुमा समेत भरपर्दो Connectivity स्थापना गर्ने उद्देश्यले हालसम्म २८६५ सेट Microwave Radio सञ्चालनमा आएको ।

## गुणस्तर सुधार

- कम्पनीले सेवाको पहुँच नपुगेको स्थानमा समय सापेक्षित सेवा विस्तार गर्नुको साथै प्रदान गरिएका विविध सेवाहरुको न्यूनतम गुणस्तर सुनिश्चत गर्ने प्रयासलाई निरन्तरता दिएको छ । सेवाको उपलब्धता एवं गुणस्तरमा थप अभिबृद्दि गर्नका लागि बिगतमा जस्तै यस आ. व. मा पनि Preventive Maintenance, Network Optimization, Transmission Network Capacity Upgrade, Service Core Network Capacity Upgrade, Solar Power Supply जडान, Battery Backup थप गर्ने लगायतका कार्यहरुलाई निरन्तरता दिईएको छ । सेवाको विस्तार, सेवाको निरन्तर उपलब्धता तथा सेवाको गुणस्तर सुधार गर्ने लगायतका महत्वपूर्ण कार्यहरुलाई प्राथमिकता दिन दक्ष जनशक्ति आवश्यक रहने मुख्य एवं महत्वपूर्ण कार्यमा कम्पनीका कर्मचारीलाई विशेष रुपमा केन्द्रीत गराई अन्य सहायक कार्यहरु Outsource मार्फत गराउने नीतिलाई निरन्तरता दिईएको छ।

- कम्पनीलबाट प्रदान गरिएका सेवाहरु मर्मत संभार तथा सञ्चालन चुस्त दुरुस्त राख्न Preventive / Corrective Maintenance/ Scheduled Maintenance तथा Network Optimization कार्यलाई थप प्रभावकारी बनाइएको छ।

- मोबाइल सेवा अन्तर्गतका BTS, Power, Transmission उपकरणहरुको मर्मत सम्भार Outsourced

Managed Service मार्फत गर्न कार्य अगाडि बढाईएको छ । अव्यवस्थित केबुलहरूलाई सडक, खानेपानी तथा विद्युत लगायत अन्य सम्बन्धित निकायसंग समन्वय गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

## आर्थिक वातावरण

### विश्व अर्थतन्त्र

सन् २०२२ को अन्त्यसम्ममा पनि चिनमा कायम रहेको कोरोनाको संक्रमण, जारी रुस-युक्रेन युद्धबाट आपूर्तिमा मा देखिएको अवरोध र न्युन प्रत्यक्ष वैदेशिक लगानी लगायतका कारणले सन् २०२३ मा विश्वको आर्थिक वृद्धिदर २.८ प्रतिशत मात्र हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । सन् २०२२ मा विश्व अर्थतन्त्र ३.४ प्रतिशतले विस्तार भएको थियो। सन् २०२२ मा विकसित मुलुक र उदीयमान तथा विकासशील मुलुकका अर्थतन्त्रहरु क्रमशः २.७ प्रतिशत र ४ प्रतिशतले वृद्धि भएकोमा सन् २०२३ मा क्रमशः १.३ प्रतिशत र ३.९ प्रतिशत हुने कोषको प्रक्षेपण छ । चीन र भारतको आर्थिक वृद्धिदर सन् २०२२ मा क्रमशः ३ प्रतिशत र ६.८ प्रतिशत रहेकोमा सन् २०२३ मा क्रमशः ५.२ प्रतिशत र ५.९ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

### देशको अर्थतन्त्रको समीक्षा

नेपाल सरकार अर्थ मन्त्रालयबाट प्रकाशित आ.व. २०७९।८० को आर्थिक सर्वेक्षण अनुसार कोभिड १९ महामारीको प्रभाव कम भएसंगै आन्तरिक मागमा भएको बढोत्तरीका कारण वस्तु पैठारी उच्च दरले बृद्धि भई विदेशि मुद्रा सञ्चितिमा दवाव सृजना हुनका साथै नेपाली मुद्राको अमेरिकी डलर संग भएको उच्च अवमुल्यनले समेत वस्तु पैठारी थप महङ्गो हुदै गएकाले आ.व. २०७८।७९ मा ५.४६ प्रतिशतले बृद्धि भएको अर्थतन्त्र २०७९।८० मा २.१६ प्रतिशतले मात्र विस्तार हुने अनुमान रहेको छ । उपभोक्ता मुल्यमा नेपालको आर्थिक वृद्धि १.८६ प्रतिशत हुने अनुमान छ। वर्ष २०७९।८० को कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २४.१ र ७५.९ प्रतिशत रहने अनुमान छ। गत आ.व. को कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २४.७ र ७५.३ प्रतिशत रहेको थियो । समिक्षा अवधिको फागुन सम्म औषत उपभोक्ता मुद्रास्फीति ७.९३ प्रतिशत रहेको छ जुन गत आ.व.को सोहि अवधिमा ५.५३ प्रतिशत रहेको थियो।

## दूरसञ्चार क्षेत्रको समिक्षा

International Telecommunications Union (ITU) ले २०२३ July मा प्रकाशित गरेको प्रतिवेदन [३] अनुसार सन् २०२२ को अन्त्यमा विश्वभर मोबाइल सेवाको औषत घनत्व १०८.० प्रतिशत रहेको छ।

विकसित मुलुकमा मोबाइल सेवाको घनत्व १२५.१ प्रतिशत, विकासशील मुलुकमा १००.७ प्रतिशत, अल्पविकसित मुलुकमा ६१.१ प्रतिशत रहेको छ । मोबाइल सेवाको घनत्व सबै भन्दा बढी १४७.४ प्रतिशत कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स (CIS) मा रहेको छ भने सबैभन्दा कम ८६.३ प्रतिशत अफ्रिकामा रहेको छ । एसिया प्यासिफिक क्षेत्रमा मोबाइल सेवाको घनत्व ११०.६ प्रतिशत रहेको छ ।

समग्रमा विश्वको कुल जनसंख्याको ९७.३ प्रतिशत जनसंख्यामा सेलुलर मोबाईल नेटवर्कको पहुँच पुगेको छ भने 3G मोबाईल नेटवर्कको पहुँच ९४.८ प्रतिशत जनसंख्यामा र 4G-LTE/WiMAX मोबाईल नेटवर्कको पहुँच ८७.७ प्रतिशत जनसंख्यामा पुगेको छ । विकसित देशमा कुल ९९.८ प्रतिशत जनसंख्यामा सेलुलर मोबाईल नेटवर्कको पहुँच पुगेको अबस्था रहेको छ भने न्युन मध्ययम आय भएका देशको हकमा कुल ९७.४ प्रतिशत जनसंख्यामा सेलुलर मोबाईल नेटवर्कको पहुँच पुगेको छ । अर्को तर्फ न्युन मध्यम आय भएका देशको ग्रामीण क्षेत्रका ४.५० प्रतिशत जनता अझै पनि सेलुलर मोबाईल नेटवर्कको पहुँचबाट बञ्चित रहेका छन् ।

ITU ले प्रकाशित गरेको सोहि प्रतिवेदन अनुसार सन् २०२३ मा विश्वको ६७.४ प्रतिशत घरधुरिमा इन्टरनेटको पहुँच पुगिसकेको छ । घरधुरि अनुसार इन्टरनेटको पहुँच बिकसित मुलुकमा ९३.२ प्रतिशत, विकासशील मुलुकमा ५५.१ प्रतिशत र अल्पविकसित मुलुकमा २७.१ प्रतिशत रहेको छ । एसिया प्यासिफिक क्षेत्रमा भने जम्मा ६५.९ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ ।

[३] *https://www.itu.int/en/ITU-D/Statistics/Pages/stat/default.aspx अनुसार*

विश्वभरी नै भ्वाइस सेवाको भन्दा डाटा सेवाको माग तिब्र रुपमा बढ्दै गएको पाईन्छ। साथै बिभिन्न प्रकारका सफ्टवेयर एप्लिकेसन (Over The Top-OTT) मार्फत निशुल्क रुपमा इन्टरनेटमा आधारित भ्वाइस टेलिफोन सेवा प्राप्त भएकाले त्यस्ता प्रकारका OTT सफ्टवयर एप्लिकेसनहरुको ब्यापक प्रयोग हुन थालेको छ । जसले गर्दा अन्तराष्ट्रिय सेवा बापतको मात्र नभई राष्ट्रिय भ्वाइस तथा एसएमएस सेवा बापतको राजस्वमा नकारात्मक असर परेको छ । डाटा सेवाको व्यापारमा परिमाणात्मक बृद्धि भएता पनि तिब्र प्रतिश्पर्धात्मक वातावरणका कारण भ्वाइस तथा डाटा सेवाको महसुल दरमा लगातार गिरावट आईरहेको छ । यसका अतिरिक्त डाटा सेवाको महसुल दर भ्वाइस सेवाको महसुल दरको तुलनामा कम रहेकाले समग्रमा दूर सञ्चार सेवा प्रदायकहरुलाई आफ्नो राजस्व कायम गर्न कठीन भईरहेको छ । यसरी विविध कारणले गर्दा स्वाभाविक रुपमा हुन गएको राजस्व गिरावटलाई न्यूनिकरण गर्न ग्राहक मैत्री भ्यालु एडेड सेवा मार्फत राजस्व बृद्धि गर्ने प्रयास गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको २०८० असार महिनाको MIS Report अनुसार भ्वाइस सेवाका प्रयोगकर्ताहरुको कुल संख्या ३ करोड ४७ लाख ८२ हजार पुगी टेलिघनत्व ११९.२६ प्रतिशत पुगेको छ । सो मध्ये ६१.९५ प्रतिशत बजार हिस्सा कम्पनीको रहेको छ । यसै गरी यस आ. व. मा ब्रोडबेण्ड डाटा सेवाको कुल

घनत्व १३५.९० प्रतिशत पुगेको छ र उक्त ब्रोडबाण्ड डाटा सेवामा कम्पनीको बजार हिस्सा ५१.१६ प्रतिशत रहेको छ ।

## संस्थागत सुशासन तथा पारदर्शिता

संस्थागत सुशासन (Corporate Governance) सम्बन्धी अभ्यासलाई उच्च महत्वकासाथ पालना गराउन सञ्चालक समिति र सुशासन कायम गर्न कम्पनी व्यवस्थापन प्रतिबद्ध रहेको छ । कम्पनीले आफ्ना शेयरधनी, सरोकारवालाहरुको हित तथा सेवाग्राहीहरूको अपेक्षा अनुरुप सेवाग्राहीलाई प्रदान गर्ने सेवा तथा सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरूको अभिन्न अंगको रुपमा अपनाएको छ । कम्पनीको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आवश्यक प्रणालीको विकास गरी सोको प्रभावकारी रुपमा पालना गराउनुका साथै अनुगमन गर्ने व्यवस्था गरिएको छ । संस्थागत सुशासनका अभ्यासहरू चुस्त एवं मजबुत बनाउन दूरसञ्चार ऐन, २०५३, कम्पनी ऐन, २०६३, धितोपत्र बोर्ड सम्बन्धी ऐन, २०६३, सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सार्बजनिक खरिद ऐन, २०६३, श्रम ऐन, २०७४ लगायत नेपाल सरकार तथा नियामक निकायहरूबाट समय—समयमा जारी गरिएका नीति एवं निर्देशनहरूलाई पूर्णरुपमा पालना गरिएको छ । संघीय संरचना अनुरुप सातै प्रदेशहरूमा प्रादेशिक निर्देशनालय स्थापना गरिएको छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम १ बमोजिम त्रैमासिकरुपमा वित्तीय विवरण सार्बजनिक गर्दै बार्षिक प्रतिबेदन नेपाल वित्तिय प्रतिवेदन मान अनुसार तयार गर्ने गरिएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ लगायत भ्रष्टाचार रोकथाम गर्न कम्पनी प्रतिबद्ध रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कर्मचारीहरूको सम्पत्ति विवरण प्रत्येक आर्थिक वर्षको सुरुमा नै सम्बद्ध निकायमा पठाउने गरिएको छ । भ्रष्टाचार निवारणका लागि आवश्यक नियन्त्रण प्रणाली लागू गरिएको छ । कम्पनीमा बित्तीय अनुशासन कायम राख्न लेखापरिक्षण समिति गठन भई क्रियाशिल रहेको छ । लेखापरिक्षण समितिको भूमिका प्रभाबकारी बनाउन लेखापरिक्षण प्रतिबेदन एवं कम्पनीमा स्थापित आन्तरिक नियन्त्रण प्रणालीको समय सापेक्ष पुनरावलोकन गरी समय सापेक्ष सुधारका कदमहरू कार्यान्वय गर्ने गरिएको छ । कर्मचारी विनियमावलीमा कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरिएको छ । कम्पनीले अगाडि सारेको महत्वपूर्ण योजनाहरु तथा अन्य नियमित कार्यहरु प्रभावकारी ढंगले समय मै सम्पन्न गर्न कम्पनी प्रमुख र विभागीय प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता (Performance Contract) गरि सो अनुसार कार्य सम्पादनको मूल्यांकन गर्ने गरिएको छ भने कम्पनीका कार्यहरू व्यवस्थित गर्नको लागि आवश्यक अधिकारहरू प्रत्यायोजन गर्नुको साथै अधिकृतस्तरका कर्मचारीहरूलाई कार्य विवरण दिई कामप्रति जिम्मेवार बनाइएको छ । त्यस्तै संस्थागत सुशासनका लागि नागरिक बडापत्र कार्यान्वयन गरिएको छ । नेपाल सरकार ,प्रधानमन्त्रीको कार्यालयमा रहेको हेलो सरकार,

नियामक निकाय लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त हुने निर्देशन एवं सुझावहरु पालना गरी सेवाग्राहीका गुनासाहरूलाई उचितरुपमा सम्बोधन गर्न कम्पनी प्रतिवद्ध रहदै आएको छ । साथै खरिद प्रक्रियामा एकरुपता ल्याई पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन बिद्युतीय प्रक्रियाबाट कम्पनीले आफ्नो खरिद प्रणालीलाई व्यवस्थित गर्दै आएको छ ।

**सञ्चालक समिति**

कम्पनी ऐन, २०६३, तथा कम्पनीको नियमावलीको नियम १२ अनुसार यस कम्पनीको सञ्चालक समिति गठन भएको छ। सञ्चालक समितिले आफ्नो काम कारबाही कम्पनी ऐन, २०६३, कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार गर्दै आएको छ। कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था अनुसार ७ जना सञ्चालकहरू रहेका छन् ।

**सञ्चालक समितिको संरचना देहायबमोजिम रहेको छः-**

| **क्र.सं.** | **सञ्चालकको नाम** | **पद** | **प्रतिनिधित्व गर्ने संस्था** |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर राउत | अध्यक्ष | सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २ | श्री संगिता पाहाडी (अर्याल) | सदस्य | निमित्त प्रबन्ध निर्देशक, नेपाल टेलिकम |
| ३ | श्री कोशल चन्द्र सुवेदी | सदस्य | सह-सचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ४ | डा. टोकराज पाण्डे | सदस्य | सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय |
| ५ | श्री बावुराम भण्डारी | सदस्य | सह-सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ६ | श्री अम्बिका प्रसाद पौडेल | सदस्य | सर्व-साधारण शेयर प्रतिनिधि |
| ७ | श्री शंकर लामिछाने | सदस्य | कर्मचारी प्रतिनिधि |

## सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

कम्पनीको सञ्चालक समितिमा भएको हेरफेर निम्नानुसार रहेको छः-

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व गर्ने संस्था | उक्त स्थानमा अगाडि रहेको व्यक्ति | कारण |
|---|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर राउत | अध्यक्ष | सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री बैकुण्ठ अर्याल | नेपाल सरकारको निर्णय अनुसार । |
| २ | श्री संगिता पाहाडी (अर्याल) | सदस्य | निमित्त प्रबन्ध निर्देशक, नेपाल टेलिकम | श्री सुनिल पौडेल | नेपाल सरकारको निर्णय अनुसार । |
| ३ | श्री बावुराम भण्डारी | सदस्य | सह-सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री उत्तर कुमार खत्री | नेपाल सरकारको निर्णय अनुसार । |
| ४ | श्री झक्क प्रसाद आचार्य | सदस्य | सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | श्री भुपाल बराल | नेपाल सरकारको निर्णय अनुसार । |
| ५ | श्री उत्तर कुमार खत्री | सदस्य | सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | श्री झक्क प्रसाद आचार्य | नेपाल सरकारको निर्णय अनुसार । |
| ६ | डा. टोकराज पाण्डे | सदस्य | सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | श्री उत्तर कुमार खत्री | नेपाल सरकारको निर्णय अनुसार । |
| ७ | श्री सुशील कोइराला | सदस्य | सह-सचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | श्री फणिन्द्र गौतम | नेपाल सरकारको निर्णय अनुसार । |
| ८ | श्री कोशल चन्द्र सुवेदी | सदस्य | सह-सचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | श्री सुशील कोइराला | नेपाल सरकारको निर्णय अनुसार । |

**<u>सञ्चालकहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम</u>**

समीक्षा वर्ष २०७९।८० मा सञ्चालक समितिको बैठक ३६ वटा बसेको र उक्त बैठकमा उपस्थित सञ्चालकहरूलाई निम्नानुसार पारिश्रमिक, भत्ता तथा सुविधाको रकम भुक्तानी भएको छः-

| क्र.सं. | पदाधिकारीहरू | पद | बैठकमा उपस्थित संख्या | जम्मा रकम |
|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर राउत | अध्यक्ष | १८ | १,३५,००० |
| २ | डा. बैकुण्ठ अर्याल | अध्यक्ष | १८ | १३५०००।०० |
| ३ | श्री भुपाल बराल | सदस्य | १३ | ९७५००।०० |
| ४ | श्री झक्क प्रसाद आचार्य | सदस्य | ३ | २२५००।०० |
| ५ | श्री उत्तर कुमार खत्री | सदस्य | १९ | १८००००।०० |
| ६ | श्री फणीन्द्र गौतम | सदस्य | ५ | ३७५००।०० |
| ७ | श्री सुशील कोइराला | सदस्य | २९ | २१७५००।०० |
| ८ | श्री बावुराम भण्डारी | सदस्य | २१ | १५७५००।०० |
| ९ | श्री सुनिल पौडेल | सदस्य | ३५ | २६२५००।०० |
| १० | श्री अम्बिका प्रसाद पौडेल | सदस्य | २५ | १८७५००।०० |
| ११ | श्री शंकर लामिछाने | सदस्य | ३० | २२५०००।०० |

## लेखा परीक्षण समिति

कम्पनी ऐन, २०६३ को अधिनमा रही सञ्चालक समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, संस्थागत सुशासनको प्रभावकारिताको मूल्यांकन गर्नका लागि गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा ४ जना सञ्चालक र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति गठन गरेको छ । यस समितिमा निम्न रहेका छन् :

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १ | सञ्चालक श्री कोशल चन्द्र सुवेदी | अध्यक्ष |
| २ | सञ्चालक डा. टोकराज पाण्डे | सदस्य |

| | | |
|---|---|---|
| ३ | सञ्चालक श्री बाबुराम भण्डारी | सदस्य |
| ४ | सञ्चालक श्री अम्बिका प्रसाद पौडेल | सदस्य |
| ५ | ना प्र नि (आ.ले.प. तथा नि. विभाग) श्री प्रेम बहादुर गुरुङ | सदस्य सचिव |

कम्पनीको लेखापरीक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६४ र १६५ को प्रावधान अनुसार कम्पनीको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली, प्रचलित नियम कानूनहरूको अनुपालन, लेखा नीतिको परिमार्जन तथा कार्यान्वयन र लेखापरीक्षण कार्यक्रम बारे नियमित समीक्षा गरी सञ्चालक समिति मार्फत व्यवस्थापनलाई आवश्यक निर्देशन दिँदै आएको छ ।

**<u>लेखापरीक्षण समितिको प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:</u>**

- आन्तरिक लेखापरीक्षण तथा बाह्य लेखापरीक्षणमा औंल्याइएका विषयहरूमा आवधिक रूपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।
- कम्पनीको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई आवश्यक निर्देशन दिने ।
- प्रचलित नियम, कानूनमा भएको व्यवस्था तथा नियमनकारी निकायबाट जारी गरिएका निर्देशनहरूको पालना गरे, नगरेको सम्बन्धमा समीक्षा गर्ने ।
- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य योजना तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउने ।
- कम्पनीको काम कारबाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए, नभएको बारे समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।
- कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरू गर्ने ।

**<u>समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्यहरूको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छन्:</u>**

- आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन प्रणाली र प्रशासनलाई अझ सुदृढ पार्न सुधारको आवश्यकता रहेका क्षेत्रहरूमा व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको।

- कम्पनीको आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदाहरूको प्रतिक्रिया र प्रगतिको समीक्षा गरी सुधारको लागि आवश्यक निर्देशन दिइएको।
- कम्पनीले प्रचलित नियम, कानूनमा भएको व्यवस्था र नियमनकारी निकायले दिएको निर्देशन परिपालना गरे, नगरेको सम्बन्धमा छलफल गरिएको ।
- कम्पनीको आसामी बाँकी, राजश्व वृद्धि, खर्च नियन्त्रण तथा आर्थिक अनुशासन सम्बन्धी छलफल तथा निर्देशन दिइएको।
- आ.व.२०७९।८० को प्राविधिक परीक्षण गर्न विषय वस्तुहरूमा छलफल तथा विषयहरू छनौट गरिएको।
- प्राविधिक परीक्षणको प्रतिवेदन माथि छलफल तथा सुधारको लागि आवश्यक निर्देशन दिइएको ।
- कम्पनीको आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षकको पारिश्रमिक तथा नियुक्तिका शर्तहरूको सिफारिस गरिएको ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा तथा मूल्यांकन गरिएको ।

समीक्षा अवधिमा लेखापरीक्षण समितिको बैठक १३ पटक बसेको र समितिका पदाधिकारीहरूलाई निम्नानुसारको बैठक भत्ता भुक्तानी गरिएको :

| क्र.सं. | पदाधिकारीहरू | पद | बैठक संख्या | भत्ता रकम रु. |
|---|---|---|---|---|
| १ | सञ्चालक श्री भुपाल बराल | अध्यक्ष | ७ | ५२,५००।०० |
| २ | सञ्चालक श्री सुशील कोइराला | अध्यक्ष | ६ | ४५,०००।०० |
| ३ | सञ्चालक श्री श्री सुशील कोइराला | सदस्य | ४ | ३०,०००।०० |
| ४ | सञ्चालक श्री उत्तर कुमार खत्री | सदस्य | ७ | ५२,५००।०० |
| ५ | सञ्चालक श्री फणीन्द्र गौतम | सदस्य | ३ | २२,५००।०० |
| ६ | सञ्चालक श्री अम्बिका प्रसाद पौडेल | सदस्य | ९ | ६७,५००।०० |
| ७ | सञ्चालक श्री झक्क प्रसाद आचार्य | सदस्य | २ | १५,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | सञ्चालक श्री बाबुराम भण्डारी | सदस्य | ६ | ४५,०००।०० |
| ९ | ना.प्र.नि.(आ.ले.प. तथा नि. विभाग) श्री प्रेम गुरुङ | सदस्य | १३ | ९७,५००।०० |
| | **जम्मा** | | | ४,२७,५००।०० |

## आन्तरिक नियन्त्रण प्रणाली

संस्थागत दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न, समयमै सही र पूर्ण वित्तीय विवरण तथा व्यवस्थापकीय सूचना उपलब्ध गराउन तथा ऐन, नियमका पालना गर्न आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ। साथै जालसाजी रोक्न, गल्ती कम गर्न र जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली हुन जरुरी हुन्छ। कम्पनीको उद्देश्य पूरा गर्न र आर्थिक अनुशासन कायम राख्न प्रभावकारी नियन्त्रण प्रणाली अपरिहार्य रहेको छ। यी विषयलाई मध्येनजर गरी समितिले आवश्यकतानुसार विनियम, कार्यविधि, नीति तथा मापदण्ड तयार गरी प्रभावकारी रूपमा लागू गरेको छ। यस्ता विनियम, कार्यविधि, नीति तथा मापदण्डहरूलाई जोखिम पहिचान तथा निराकरण गर्नको लागि समय सापेक्ष परिमार्जन गरी अद्यावधिक गर्ने गरिएको छ । कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन कम्पनीमा एक स्वतन्त्र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभाग गठन गरिएको छ । यस विभागले लेखापरीक्षण समितिको प्रत्यक्ष निगरानी र रेखदेखमा काम गर्दछ। लेखापरीक्षण समितिले नियमित रूपमा आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र निरीक्षण प्रतिवेदनहरूको समीक्षा गरी सञ्चालक समितिलाई कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र रूपले जानकारी गराउने गरेको छ। आन्तरिक लेखापरीक्षण तथा निरीक्षणे विभागले सञ्चालक समितिले स्वीकृत गरेको आन्तरिक लेखापरीक्षण कार्यविधि र प्रचलित कानून तथा मूल्य मान्यताको आधारमा जोखिममा आधारित लेखापरीक्षण गर्ने गर्दछ। कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन प्रत्येक दुई वर्षको अन्तरालमा कम्तीमा एकपटक आय सुनिश्चितताको परीक्षण (Revenue Assurance Audit), कार्यसम्पादनको परीक्षण (Performance Audit) र प्राविधिक परीक्षण (Technical Audit) गराउने व्यवस्था गरिएको छ । सोही बमोजिम आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागमा यस सम्बन्धी कार्यको लागि छुट्टै प्राविधिक इकाई गठन भई कार्य भइरहेको छ । त्यस्तै राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले राजस्व निगरानी तथा अनुगमन समिति क्रियाशिल रहेको छ ।

## लेखा परीक्षक

कम्पनीको आ.व. २०७९।८० को लागि महालेखा परीक्षकको कार्यालयबाट परामर्श बमोजिम अन्तिम लेखापरीक्षकमा नियुक्त हुनु भएका लेखापरीक्षकद्वय चार्टर्ड एकाउन्टेण्ट श्री पियुष आनन्द तथा चार्टर्ड एकाउन्टेन्ट श्री महेश कुमार गुरौँगाईबाट लेखापरीक्षण कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण गर्नको लागि महालेखा परीक्षकको कार्यालयको परामर्श तथा लेखापरीक्षण समितिको सिफारिस अनुसार यस साधारण सभाबाट लेखापरीक्षकको नियुक्ति गरिनेछ ।

## ग्राहक सेवा

कम्पनीले आफ्नो सफलताको आधारको रूपमा ग्राहक आधार वृद्धि एवं प्रभावकारी ग्राहक सेवालाई मानकको रूपमा लिँदै आएको छ। सोही अनुरुप विश्व बजारमा स्थापित भएका नविनतम प्रविधिको अवलम्बन गरी ग्राहक वर्गको रुचि एवं चाहना बमोजिमका दूरसञ्चार सेवा प्रदान गर्दै आएको छ । ग्राहकवर्गको गुनासो तथा जिज्ञासालाई प्रभावकारी रूपमा सम्बोधन गर्न Chatbot, IVR, USSD, SMS, Social Media, Website आदिको उच्चतम प्रयोग गर्दै आईरहेको छ। यसका आतिरिक्त ७७ जिल्लास्थित कम्पनीका कार्यालयहरुबाट ग्राहक सेवा प्रदान गरिनुका साथै गुनासो व्यवस्थापन समेत गर्ने गरिएको छ ।

## वातावरण संरक्षणमा कम्पनीको योगदान

कम्पनीले नविनतम प्रविधिको प्रयोग मार्फत आफ्ना कार्यहरूलाई Automation गर्ने र कागजको खपत कम गर्न Digital Signature र Document Management System कार्यान्वयनका लागि तीव्रताका साथ कार्य गरिएको छ । प्लास्टिक कार्डको खपत कम गरी Digital payment लाई प्रवर्द्धन गर्न MPOS प्रविधि मार्फत सहज रुपमा रिचार्ज गर्ने कार्यलाई थप प्रोत्साहन गरिएको छ । हाल Digital भुक्तानी मार्फत दूरसञ्चार लगायतका अन्य Utility सेवाको भुक्तानीका लागि सहयोग पुग्ने गरी सहायक कम्पनी मार्फत सेवा प्रदान गरिएको छ । डिजेल, पेट्रोलबाट सञ्चालित पुराना सवारी साधनको परिचालन क्रमिक रूपमा कम गराउँदै Electric Vehicle ले प्रतिस्थापन गर्ने कार्य सुरु गरिएको छ।

## सरोकारवालासँगको सम्बन्ध

कम्पनीले आफ्नो व्यवसायसँग सरोकार राख्ने सबै सरोकारवालासँग सौहार्दपूर्ण व्यावसायिक सम्बन्ध कायम गर्दै आएको छ । कम्पनीले नेपाल सरकारका निकायहरू, दूरसञ्चार नियामक, सेवा विस्तार एवं सेवा प्रवाहका लागि महत्वपूर्ण योगदान पुर्याउने सडक विभाग, विद्युत प्राधिकरण लगायत अन्य निकायहरूसँग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ । त्यसैगरी दूरसञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित उपकरण उत्पादन गर्ने निर्माता कम्पनी, आपूर्तिकर्ता तथा परामर्शदाताहरूसँग निरन्तर सुमधुर सम्बन्ध कायम गर्दै आएको छ ।

शेयरधनी महानुभावहरू तथा अन्य सरोकारवालाहरूको जानकारीको लागि कम्पनीले वित्तीय एवं अन्य जानकारीहरू नियमित रूपमा कम्पनीको वेब पेज, पत्रपत्रिका, न्युजलेटर, वार्षिक प्रतिवेदन तथा पत्रकार सम्मेलन मार्फत उपलब्ध गराउँदै आएको छ।

## जोखिम व्यवस्थापन

वित्तीय तथा व्यावसायिक गतिविधिहरूलाई मूल्याङ्कन गरी कम्पनीलाई हुन सक्ने सम्भावित नोक्सानी/जोखिमलाई कम गर्न हामी प्रतिवद्ध छौं । दूरसञ्चार प्रविधिको विकास, Data सेवा र Smart Phone को बढ्दो प्रयोगका कारण OTT (जस्तै Viber, WhatsApp, Messenger आदि) सेवाहरूको व्यापक प्रयोग भएको कारणले विदेशबाट हुने आगमन कल

र मुलुकबाट हुने बाह्य  गमन कलको परिमाणमा पनि असर परेको छ।  कम्पनीले प्राप्त गर्ने राजस्वमा मुलुक भित्रिने अन्तर्राष्ट्रिय कल बापतको रकमको ठूलो योगदान रहने गरेको छ।  बढ्दो प्रतिस्पर्धाको कारणले व्यापार प्रवर्धनको क्रममा महसुलमा कटौती  गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। यी कारणहरूले गर्दा कम्पनीको समग्र राजश्वमा चुनौती थपिएको छ।

कम्पनीले अन्तर्राष्ट्रिय अन्तरआवद्दताबाट घट्न गएको राजश्व पूर्ति गर्न र कम्पनीको समग्र राजश्व वृद्धि गर्न कम्पनीमा भएका स्रोत तथा साधनहरूलाई अधिकतम परिचालन गरेको छ । साथै डाटा सेवा, भ्यालुएडेड सेवा तथा अन्य नवीन सेवाका विकास तथा विस्तार मार्फत आय वृद्धि गर्न आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गरेको छ । उच्च गतिको डाटा सेवाको बढ्दो मागलाई सम्बोधन गर्न ब्यान्डविथ थप गरी प्रतिस्पर्धात्मक मूल्यमा इन्टरनेट सेवा उपलब्ध गराइएको छ । साथै ग्राहकहरूलाई अत्याधुनिक सेवा प्रदान गर्न बिलिङ्ग प्रणालीमा समेत  समयसापेक्ष  सुधार गरिएको छ ।

कम्पनीको वित्तीय अवस्था सुधार गर्न ताररहित सेवाहरूको आमूल रूपान्तरण सहितको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार र सेवाहरूको गुणस्तर सुधार लगायतका कार्यलाई निरन्तरता  दिइएको छ । यसबाट कम्पनीको राजश्व वृद्धि हुने अपेक्षा गरिएको छ ।

कम्पनीको नेटवर्कको अनधिकृत प्रयोग गरी कम्पनीको आय र मुलुकको राजस्व चुहावट गर्न केही व्यक्ति र समूहले गैरकानुनी रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपासका आधुनिक प्रविधि उपयोग गर्ने गरेको पाइएको छ । दूरसञ्चार र सूचना प्रविधिको माध्यमबाट मुलुकको समग्र विकासमा टेवा पुर्‍याइरहेको यस कम्पनीको आर्थिक स्वास्थ्यमा Call bypass जस्ता गैरकानुनी कार्यले प्रतिकूल प्रभाव पारिरहेको छ। यस्ता गैरकानुनी क्रियाकलाप निरुत्साहित र नियन्त्रण गरी राजस्व चुहावटको नकारात्मक असर न्यूनीकरण गर्न कम्पनीले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोसँगको सहकार्यमा राजस्व चुहावट नियन्त्रण गर्नुको साथै सोका लागि विभिन्न आधुनिक प्रविधिको प्रयोग गर्दै आएको छ ।

बजारको तीव्र प्रतिस्पर्धालाई न्यूनिकरण गर्न सस्तो सुलभ तथा भरपर्दो सेवा प्रदान गरी ग्राहकलाई कम्पनीका सेवाहरूमा नै आबद्द गराइराख्ने  रणनीति लिईएको छ ।

## कर्मचारी प्रति कम्पनीको योगदान

ईमान्दार, प्रतिवद्ध, र उत्प्रेरित मानव संशाधन बिना कुनै  पनि संस्थाले लक्ष्य हासिल गर्न सक्दैन । कम्पनीले आफ्ना कर्मचारीहरूलाई सदैव महत्वपूर्ण सम्पत्तिको रूपमा लिएको छ । दक्ष र  प्रतिभाशाली कर्मचारी नभएसम्म कम्पनीको प्रगति हुन नसक्ने वास्तविकतालाई पूर्वरूपले अङ्गीकार गरी कर्मचारीको व्यवस्थित परिचालनमा विशेष ध्यान दिइएको छ । कम्पनीका कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्य विवरण, लक्ष्य र  प्रगति मूल्यांकन परिसूचकहरू विकास गरी सो बमोजिम निजहरूको कार्यसम्पादन मूल्यांकन गर्ने कार्यको सुरुवात गरिएको छ ।

## कर्मचारी भर्ना

कम्पनीमा दक्ष तथा सक्षम कर्मचारी भर्ना गर्नको लागि पारदर्शी नीति नियम तथा मापदण्डहरू लागू गरिएको छ। कम्पनीले कर्मचारी भर्ना निश्चित मापदण्डको आधारमा प्रतिस्पर्धाको माध्यमबाट गर्ने गरेको छ । साथै संविधानको मर्म अनुसार समावेशिताको सिद्धान्तको आधारमा समेत कर्मचारी भर्ना गर्ने गरिएको छ ।

## सेवा तथा सुविधा

कार्यरत कर्मचारीहरूलाई कम्पनीले आकर्षक सेवा सुविधा उपलब्ध गराउँदै आएको छ । कर्मचारीहरूको सेवा–सुविधामा तलब, भत्ता, बोनस, प्रोत्साहन भत्ता रहेको छ। तह ११ र तह १० का कर्मचारीहरूलाई सवारी साधनको सुविधा पनि उपलब्ध गराइएको छ। देशको आर्थिक अवस्थालाई मध्यनजर गरी कर्मचारीको सेवा–सुविधा समयानुकूल पुनरावलोकन गर्ने गरिएको छ । त्यस्तै कर्मचारीहरूलाई पोशाक भत्ता, औषधी उपचार खर्च, दुर्घटना बिमा, सापटी, विभिन्न प्रकारका बिदा, टेलिफोन, मोबाइल, इन्टरनेट र सीयुजी सुविधा उपलब्ध गराइएको छ ।

समीक्षा अवधिमा नियुक्ति तथा बढुवा पदस्थापन र सरुवा कार्यविधि २०७८, सरुवाका लागि Online Transfer request भर्न सक्ने व्यवस्था मिलाइएको छ । कर्मचारीहरूको सेवा–सुविधामा गरिएको खर्चको विवरण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कार्यसम्पादन सम्झौता

कम्पनीका निर्धारित लक्ष्य, योजना नियमित कार्यहरू समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ कम्पनीका प्रबन्ध निर्देशक तथा प्रमुख प्राविधिक अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख सञ्चालन अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, वायरलाईन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक र वायरलेस सेवा निर्देशनालयका निर्देशक बीच कार्यसम्पादन सम्झौता भएको छ । साथै निर्देशक तथा विभागीय प्रमुख र प्रबन्धकहरू बीच समेत कार्यसम्पादन सम्झौता भएको छ । त्यस्तै समीक्षा अवधिमा कार्यसम्पादन सम्झौता ८ तहका कर्मचारीसम्म विस्तार गर्ने कार्य थालनी गरिएको छ ।

## तालिम तथा वृत्ति विकास

मानव संसाधनलाई सृजनाशील, सकारात्मक, अद्यावधिक र उत्प्रेरित बनाई राख्न तालिमको व्यवस्था गरिएको छ । मानव संसाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई कम्पनीमा नयाँ सोच, नयाँ प्रविधिहरू भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ । तालिम खर्च नभई लगानी हो भन्ने हाम्रो मान्यता रहेको छ । त्यसैले सक्षम तथा व्यावसायिक जनशक्ति तयार गर्न कम्पनीले निरन्तर लगानी गरिएको छ । बदलिँदो परिवेश, गतिशील प्राविधिक वातावरणमा आफ्ना कर्मचारीहरूलाई समयसापेक्ष, दक्ष र सीप युक्त बनाउन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि कम्पनीले समय–समयमा विभिन्न आन्तरिक तथा बाह्य तालिम एवं सेमिनारहरूमा

कर्मचारीलाई सहभागी गराउँदै आएको छ । समीक्षा वर्षमा दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रबाट कूल ६६ वटा तालिम सञ्चालन गरिएको छ भने ५५१ कर्मचारीलाई समीक्षा वर्षमा वैदेशिक तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी गराइएको छ । पारदर्शी ढंगले स्तरवृद्धिको लागि वार्षिक रूपमा कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन निश्चित मापदण्डको आधारमा गर्ने गरिएको छ । कम्पनीमा कार्यरत कर्मचारीहरूको विवरण यस प्रकार रहेको छ :

| तह | २०७९।८० | | | २०७८।७९ | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अधिकृत | | | | २२७ | १७८० | २००७ |
| सहायक | | | | २६६ | १५४५ | १८११ |
| **जम्मा** | **५०६** | **३२८७** | **३७९३** | **४९३** | **३३२५** | **३८१८** |
| बढी (घटी) | १३ | (३८) | (२५) | | | |

## राष्ट्रिय अर्थतन्त्रमा कम्पनीको योगदान

दूरसञ्चार सेवालाई आर्थिक विकासको सम्वाहकको रूपमा स्वीकार गरिएको सन्दर्भमा कम्पनीले कर राजस्व संकलन, डिजिटल डिभाईड न्यूनीकरण, डिजिटल साक्षरता बिस्तार, विद्युतीय सरकारको अवधारणा साकार, ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट राष्ट्र निर्माणमा अतुलनीय योगदान पुर्‍याउँदै आएको छ । मूलतः कम्पनीको कूल आयको ५० प्रतिशत भन्दा अधिक हिस्सा आयकर, मूल्य अभिवृद्धि कर, सेवा शुल्क रोयल्टी, लाभांश लगायत शीर्षकमा सरकारी राजस्व बापत जम्मा गर्दै आएको तथ्य म यहाँहरुलाई स्मरण गराउन चाहन्छु । यसले देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिमा कम्पनीको महत्वपूर्ण भूमिका रहेको संकेत गर्दछ । आर्थिक वर्ष २०७९।८० मा कर तथा गैह्रकर बापत रु.२८ अर्ब ४६ करोड सरकारी कोषमा योगदान गरेका छौं, जुन कम्पनीको कुल राजस्वको ६४.०७% रहेको छ ।

## डिजिटल डिभाईड न्यूनीकरण तथा डिजिटल फ्रेमवर्कमा कम्पनीको योजना

देशको समग्र विकासमा सञ्चार तथा सूचना प्रविधिको महत्वपूर्ण योगदान रहेको हुन्छ। कम्पनीले सेवा विस्तार गर्दा नाफा नहुनेदुर्गम एवं अति विकट स्थानमा समेत भौगोलिक विविधता सुहाँउदो उपयुक्त प्रविधि प्रयोग गरी सस्तो र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउँदै आईरहेको छ । इन्टेनेटको पहुँच विस्तारले डिजिटल डिभाइड न्यूनीकरण गर्नमा महत्वपूर्ण योगदान पुर्याउँदछ । इन्टरनेटको पहुँच विस्तारलाई नेपाल सरकारले समेत डिजिटल नेपाल अवधारणा कार्यान्वयनका लागि अत्यावश्यक एउटा आधार स्तम्भको रुपमा लिइएको छ । इन्टरनेटले सूचना र सञ्चारमा सहज पहुँच स्थापना गर्न मद्दत पुर्याउनुका साथै विकासका अन्य अवसरहरु समेत उपलब्ध गराउने हुनाले कम्पनीले 4G LTE प्रविधि मार्फत देशभर द्रुतगतिको इन्टरनेट सेवा विस्तारमा

बिशेष जोड दिएको छ। कम्पनीले बिभिन्न प्राविधि मार्फत ब्रोडब्याण्ड सेवा उपलब्ध गराईरहेको परिप्रेक्ष्यमा 4G LTE प्रविधि मार्फत प्रदान गरिएको इन्टरनेट सेवाले डिजिटल डिभाइडमात्र नभई ब्रोडबाण्ड डिभाइड समेत न्यूनिकरण गर्न उल्लेख्य योगदान पुर्याइउँदै आएको छ।

डिजिटल नेपाल फ्रेमवर्कमा जम्मा ८ वटा प्रमुख क्षेत्रहरुलाई समेट्ने गरी नेपाललाई आर्थिक सामाजिक प्रगतितगर्फ निर्देशित गर्न कम्पनीको देहाय बमोजिम कार्य गरेको गरेको छ ।

- **डिजिटल फाउन्डेशन**

कम्पनीले फोरजी सेवा देशको ७४३ वटा स्थानीय निकायहरुमा विस्तार गरिसकेको छ भने बाँकि स्थानिय निकायहरुमा चाँडै पुर्याउने लक्ष्य राखेको छ । कम्पनीको फोरजी सेवा मार्फत डिजिटल साक्षरता बढाउन तथा स्थानिय निकायहरु लगायतमा विद्युतिय सुशासान उपलब्ध गराउन सजिलो भएको छ । कम्पनीको लक्ष्य भनेकै वायरलेस तथा वायरलाइन प्रविधि मार्फत अत्याधुनिक दूरसञ्चार सेवाको पहुँच सबै नागरिकमा उपलब्ध गराउने हो ।

- **कृषि**

कृषि क्षेत्रमा प्रयोग हुने विभिन्न प्रविधिमा कनेक्टिभिटि प्रदान गर्न कम्पनीको वायलेस प्रविधि अन्तर्गत अत्याधुनिक फोरजी सेवा, थ्रीजि सेवा र VAS प्रणाली मार्फत गर्न सकिने गरी कम्पनीले सेवा विस्तार गरेको छ जसले कृषिको उत्पादन तथ उत्पादकत्वमा बृद्दि हुने आशा गरिएको छ।

- **स्वास्थ्य**

स्वास्थ्य सेवा जस्तै Tele health, Telemidicine आदिलाई आवश्यक पर्ने अत्याधुनिक फोरजी सेवा, थ्रीजि सेवा कम्पनीले देशका प्राय सबै स्वास्थ्य केन्द्रहरुमा पुर्याएको छ जसले ग्रमिण सेवाका स्थानियहरुले स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेको छन् । कम्पनीले स्वास्थ्यसँग सम्बन्धित सूचनाहरु Bulk SMS तथा CRBT मार्फत निशुल्क प्रदान गरिरहेको छ ।

- **शिक्षा**

शिक्षा क्षेत्रलाई डिजिटल प्रविधि मार्फत शैक्षिक नतिजाहरु सुधार ल्याउने नेपाल सरकारको उद्देश्यलाई कम्पनीको विभिन्न वायरलेश तथा वायरलाईन प्रविधिले सहयोग पुर्याएको कम्पनीको विश्वास लिएको छ । कम्पनीले शिक्षासँग सम्बन्धित सूचनाहरु Bulk SMS तथा CRBT मार्फत निशुल्क प्रदान गरिरहेको छ । साथै विध्यार्थीहरुलाई निश्कुक सिम वितरण र शैक्षिक सामाग्रीको लागि विभिन्न offer/package सञ्चालनमा ल्याएको छ ।

- **उर्जा**

उर्जा उत्पादन हुने स्थान विशेषगरी विजुली उत्पादन हुने स्थानमा कम्पनीले वायरलेस प्रविधि मार्फत सेवा सञ्चालन गरिरहेको छ । साथै विधुत प्राधिकरणको स्मार्ट मिटरको लागि M2M सिम कार्ड वितरण गरिरहेको छ ।

- **पर्यटन**

कम्पनीले पर्यटकिय स्थानहरुमा अत्याधुनिक र गुणस्तरिय सञ्चार सेवा प्रदान गर्दै आएको छ। साथै कम्पनीले पर्यटकलाई आकर्षित गर्न "Tourist SIM/offer" सञ्चालन गरिरहेको छ ।

- **वित्त**

वित्त सेवालाई डिजिटल बनाउन कम्पनीले वायरलेस तथा वायरलाई प्रविधि मार्फत सेवा सञ्चलान गरिरहेको छ । विभिन्न POS मसिनहरुमा SIM card हरु उपलब्ध गराउँदै आएको छ । साथै विना इन्टरनेट मार्फत पनि Transaction गर्न कम्पीको सहायक कम्पनी नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेडको "Namaste Pay" सञ्चालन ल्याएको छ ।

- **शहरी पुर्वाधार**

डिजिटल नेपालका पहलले जल व्यवस्थापन, फोहरमैला व्यवस्थापन, सार्बजनिक यातायात जस्ता शहरी पूर्वाधारका आवश्यक सेवाहरुमा सुधार ल्याउन कम्पनीले देशैभरी वायरलेस तथा वायरलाई प्रविधि मार्फत सेवा सञ्चालन गरिरहेको छ ।

## आगामी योजनाहरू

**दूरसञ्चार सेवाको विस्तारको लागि आधुनिक प्रविधि सहितको पूर्वाधार विकास गर्ने सम्बन्धमा:**

- 4G/LTE सेवा तथा FTTH सेवा विस्तारको लागि Backbone Network को स्तरोन्नति गर्ने ।
- पूर्वाधार निर्माणको खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउन पूर्वाधारको सहप्रयोग गर्ने ।
- बढि लागत लाग्ने र कम प्रतिफल प्राप्त हुने उच्च हिमाली तथा पहाडी क्षेत्रका दुर्गम र विकट स्थानमा ग्रामिण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी पूर्वाधार (Tower, Transmission Link, Power तथा RAN Equipment) तयार गर्न नेपाल दूरसंचार प्राधिकरण र नेपाल सरकार संचार तथा सूचना प्रबिधि मन्त्रालयसंग समन्वय गर्ने ।

- अन्तरदेशीय सूचना महामार्गलाई भरपर्दो बनाउन Multiple Cross Border Optical Fiber Network विस्तार गर्ने।
- ग्रामिण दूरसञ्चार विकास कोष (RTDF) मार्फत मध्यपहाडी लोकमार्गमा Optical Fiber Network मार्फत सूचना महामार्ग निर्माणको आयोजना सम्पन्न गर्ने।
- सेवाको पहुंच नपुगेका स्थानहरु पहिचान गरी सेवाको सुनिश्चितता कायम गर्न Tower, Power तथा BTS हरु जडान गर्ने।
- विद्युत पहुँच नभएका स्थानरुमा Solar Power System जडान गर्ने।
- आयोजना व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।

**देशव्यापी रुपमा वायरलाईन तथा वायरलेस सेवा विस्तार गर्ने सम्बन्धमाः**

- Time Division Multiplexing (TDM) based Host र Remote Switching Unit (RSU) लाई FTTH प्रविधिबाट प्रतिस्थापन गरी आ.व. २०८०।८१ मा FTTH सेवा वितरण लाई निरन्तरता दिने।
- FTTH प्रविधि विस्तार नभएका क्षेत्रमा अन्य प्रविधि मार्फत वायरलाईन ब्रोडव्याण्ड ईन्टरनेट सेवाको विस्तार गर्ने।
- FTTH /Leased Line वितरणको लक्ष्य प्राप्तिका लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्ने।
- FTTH प्रविधि विस्तार नभएका क्षेत्रमा PSTN मार्फत Voice सेवा प्रदान गर्ने।
- सेवा विस्तारलाई थप प्रभावकारी बनाउन बाह्य स्रोतको जनशक्ति परिचालन गर्ने।
- SIP/Easy Call सेवालाई नेपाल भित्र प्रयोग गर्ने।
- 2G/4G सेवा विस्तारलाई निरन्तरता दिने।
- 5G प्रविधिको परीक्षण गर्ने।
- १८०० MHz मा संचालित 2G सेवालाई क्रमिक रुपमा बन्द गरी B3 LTE को Bandwidth Upgrade गरि 20MHz पुर्‍याउने।
- CDMA प्रबिधिलाई 4G/LTE प्रविधिबाट प्रतिस्थापन गर्ने।

- कम्पनीको साधन स्रोत तथा जनशक्तिको उच्चतम प्रयोग गरी सेवा विस्तार गर्ने।
- सेवा विस्तारलाई थप प्रभावकारी बनाउन बाह्य स्रोतको जनशक्ति परिचालन गर्ने।
- अन्तरार्ष्ट्रिय लिज सेवा विस्तार गर्ने।
- रोमिङ्ग सेवा विस्तार गर्ने ।

<u>भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्ने सम्बन्धमाः</u>

- कम्पनीले उपलब्ध गराउने सेवामा नियामक निकायले तोकेको मापदण्ड अनुसारको KPI (Key Performance Indicators) कायम गर्न निरन्तर अनुगमन गरी सेवाको मर्मत संभार तथा संचालन प्रभावकारी बनाउने ।
- कम्पनीबाट प्रदान गरिएका सेवाहरु चुस्त दुरुस्त राख्न Preventive / Corrective Maintenance तथा Network Optimization कार्यलाई थप प्रभावकारी बनाउने।
- 2G/3G Core and Associated Transport Network Modernization गर्ने ।
- मर्मत संभार कार्यलाई चुस्त दुरुस्त बनाउन Outsource/Managed Service को अवधारणा लागू गर्ने ।
- गुणस्तर वृद्धि गरी वायरलाईन सेवालाई भरपर्दो बनाउने ।
- इन्टरनेट/Data सेवालाई थप प्रभावकारी बनाउने ।
- Aerial केबुल व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिने ।
- Power System को आधुनिकिकरण गर्ने ।
- Service Level Agreement गर्ने
- System Security, Cyber Security लाई थप प्रभावकारी बनाउने ।
- अनधिकृत कलको नियन्त्रण गर्ने ।
- प्रतिस्पर्धात्मक दूरसञ्चार बजारको अध्ययन तथा अनुसन्धान गरी नविनतम सेवाहरूको विस्तार गर्ने ।

- Discounted Inter Operator Tariff (DIOT) सम्झौता गर्ने ।
- कम्पनीका सेवाहरुको आक्रामक रुपमा प्रचार प्रसार, व्यापार प्रवर्धन तथा बजारीकरण गर्ने।
- कम्पनीको Visibility तथा Brand Value वढाउने ।
- सिम तथा रिचार्जको वितरण प्रणालीलाई थप व्यवस्थित गर्ने ।
- ग्राहक आधार वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत ग्राहक आधार वृद्धि गर्ने।
- Value Added Service (VAS) प्रबर्धन गर्ने ।

**सांगठनिक, व्यवस्थापकिय तथा प्रतिस्पर्धी क्षमतामा अभिबृद्धि तथा प्रणालीगत सुधार गर्ने सम्बन्धमाः**

- कार्यसम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- संस्थागत सुधार तथा विकास गर्ने।
- विभिन्न प्रकारका अवकास योजना (VRS/TRS/CRS) लागू गर्ने ।
- जनशक्ति व्यवस्थापन तथा विकास गर्ने ।
- कर्मचारी सुविधा तथा उत्प्रेरणा वृद्धि गर्ने ।
- कर्मचारीको सुविधा, वृत्ति विकास, तालिम तथा उत्प्रेरणा वृद्धि गर्ने ।
- ट्रेड युनियन र व्यवस्थापन बिचको सम्बन्ध प्रभावकारी बनाउने ।
- Mobile Financial Services को विस्तार गर्ने ।
- IT Sector मा सहायक कम्पनी स्थापना गर्ने ।
- Business Intelligence (BI) प्रविधिको उच्चतम प्रयोग गर्ने ।
- Data Center स्थापना गर्ने ।
- Private Cloud Platform सञ्चालन गर्ने ।
- केन्द्रीय भुक्तानी प्रणाली लागू गर्ने।

**<u>शुशासन तथा आन्तरिक नियन्त्रण प्रणालिको विकास गर्ने सम्बन्धमाः</u>**

- Standard Operating Procedure लागू गर्ने ।
- Business Process Reengineering प्रक्रियाको सुरुवात गर्ने ।
- व्यवस्थापनको कार्य परिक्षण गर्ने ।
- अन्तरिक लेखापरीक्षण कार्यविधि, कम्पनीको आर्थिक बिनियमावली, कर्मचारी विनियमावली, कम्पनी ऐन, आयकर ऐन, अन्य प्रचलित ऐन तथा परिपत्रहरुको आधारमा कम्पनीमा आर्थिक अनुशासन तथा सु-शासन कायम राख्न लेखापरीक्षणलाई प्रभावकारी बनाउने ।
- कम्पनीको विभिन्न सेवाहरुको आय सुनिश्चितता, प्राविधिक तथा कार्य सम्पादन परीक्षण गर्ने ।

**<u>लगानी विविधिकरण गरी राजश्व तथा मुनाफा वृद्धि गर्ने सम्बन्धमाः</u>**

- दैनिक संकलित रकमको उच्चतम परिचालन गर्ने ।
- कम्पनीको सञ्चित रकमलाई उच्चतम परिचान गर्ने ।
- प्रयोगमा नआउने जिन्सी सामानहरुको लिलामी कार्यलाई थप प्रभावकारी बनाउने ।
- अनुत्पादक खर्चमा कटौति गरी आर्थिक अनुशासन तथा मितव्ययिता नीति लागू गर्ने ।

## सम्मान तथा पुरस्कार

आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी आयकर दाखिला गर्ने संस्थाको रुपमा आन्तरिक राजश्व विभागबाट १२ औं राष्ट्रिय कर दिवस, २०८० को अवसरमा कम्पनी सम्मानित भएको छ ।

## चालू आर्थिक वर्षको उपलब्धी

मुलुकभर तीव्र गतिको वायरलेस प्रविधिको 4G/LTE सेवा उपलब्ध गराउने योजना अन्तर्गत चालू आ.व. को आश्विन मसान्त सम्ममा थप ३६ eNodeB सञ्चालनमा ल्याई कुल ४६१० BTS/eNodeB सञ्चालनमा रहेका छन् । यसरी थप सञ्चालनमा आएका eNodeB हरुले 4G/LTE सेवा विस्तार भई आश्विन मसान्तसम्ममा सातै प्रदेशका ७७ वटा जिल्लाका कुल ७४३ स्थानीय तहमा 4G/LTE सेवा उपलब्ध रहेको छ ।

दूरसञ्चार क्षेत्रमा हुने नविनतम 5G प्रविधिको अवलम्बन गर्ने कम्पनीको योजना अनुरुप आ. व. ०७९/८० मा 5G सेवा काठमाडौं, पोखरा र वीरगञ्जमा परीक्षण गरिएको छ ।

चालू आ.व. मा FTTH सेवातर्फ कुल ६ लाख वितरण योग्य नेटवर्क तयार गरी कुल ३ लाख (नयाँ एवं माइग्रेशनका गरी) ग्राहक थप गर्ने योजना अनुरुप आश्विन मसान्त सम्ममा ७२ हजार वितरण योग्य नेटवर्क तयार भई करिब २१ हजार ६ सय थप ग्राहक FTTH सेवामा आवद्ध भएका छन् । यसरी चालू आ.व. को आश्विन सम्ममा ४,२७,७७६ लाइन क्षमताको नेटवर्क विस्तार गरी जम्मा ९८,३६२ FTTH लाइन (Unique CPE) बितरण गरिएको छ। २०८० आषाढ मसान्तसम्ममा कुल १४,८६,०८० FTTH लाइन वितरण गर्न सकिने पूर्वाधार नेटवर्क विस्तार गरी ७३ जिल्लाका बिभिन्न स्थानीय निकायमा कुल ३,५५,१३० लाइन (Unique CPE) मार्फत FTTH सेवा वितरण गरिएको छ। सो मध्ये FTTH Voice user ३,०७,२७१ FTTH Data user २,४८,३८५ र NTTV user ३२,७८८ रहेका छन्।

यसै गरी पूर्वाधार तर्फ ग्रामिण दुरसञ्चार कोष अन्तर्गत अप्टिकल फाईवर नेटवर्क आयोजना प्रगति ६९ प्रतिशत, DWDM नेटवर्क प्रगति ९२ प्रतिशत र core router नेटवर्क प्रगति ९२ प्रतिशत रहेको ।

त्यसैगरी कर्णाली र सूदूरपश्चिम प्रदेश अन्तर्गत मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा अप्टिकल फाईबर नेटवर्क (UG/ADSS) विस्तार गर्ने कार्यक्रम अन्तर्गत कम्पनीको Existing OFC Network समेत प्रयोग गर्ने व्यवस्था अनुसार थप ६७२ कि.मी. अप्टिकल फाईबर नेटवर्क गरी कर्णाली र सुदूरपश्चिप प्रदेशमा कुल ९७७ कि.मी.अप्टिकल फाईवर नेटवर्क पूर्णरुपमा तयार भएको।

कम्पनीमा सञ्चालनमा रहेका योजनाहरू निर्धारित समयमा सम्पन्न गर्न, सोको अनुगमन गर्न र कम्पनीका काम कारवाहीलाई प्रभावकारी बनाउन कम्पनी व्यवस्थापन र विभागीय प्रमुखहरूसँग कार्य सम्पादन सम्झौता गरिएको छ । यसले योजनाहरू निर्धारित समयमा कार्यान्वयन हुने, पूर्वाधार तथा नेटवर्क विस्तार हुने र कम्पनीको समग्र राजश्व तथा ग्राहक आधार वृद्धि हुने अपेक्षा गरिएको छ ।

**कम्पनीले चालू आर्थिक वर्षमा गरेको वित्तीय उपलब्धी:**

| विवरण | आ.व. २०८०।८१ को लक्ष्य | २०८० असोजसम्म | |
|---|---|---|---|
| | | प्रगति | प्रगति (प्रतिशतमा) |
| आय (रु. अर्बमा) | ५५.७८ | ११.०४ | १९.८९ |
| नाफा (रु. अर्बमा) | १५.३० | २.२३ | १४.५८ |

**कम्पनीले चालू आर्थिक वर्षमा गरेको व्यावसायिक उपलब्धी:**

| विवरण | आ.व. २०८०।८१ को लक्ष्य | २०८० असोजसम्म | |
|---|---|---|---|
| | | प्रगति | प्रगति (प्रतिशतमा) |
| जि.एस.एम | ३१,००,००० | २,४६,६१३ | ७.९६ |
| एफ.टि.टि.एच | ३,००,००० | २१,५९५ | ७.२० |

## कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार खुलाइएका थप विवरणहरू

### विगत वर्षको कारोबारको सिंहावलोकन

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर

विश्वब्यापी आर्थिक मन्दी तथा लडाईका कारण सामान आपूर्तिमा भएको समस्याको कारण सेवा विस्तार, सेवा वितरण, मर्मत सम्भार तथा सेवा सञ्चालनमा चुनौती रहेको ।

### प्रतिवेदन तयार भएको मिति सम्म चालू वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध

**यस सम्बन्धी** विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### कारोबारलाई असर पार्ने मुख्य तत्हरू

कम्पनीको समग्र कारोबार निम्न कारणहरूबाट प्रभावित भएको छ:

- तीव्र प्रतिस्पर्धा तथा प्रविधिमा आएको विकास (जस्तै OTT को प्रयोग) को कारणले कम्पनीको राजश्व वृद्धिमा

असर परेको ।

- भौगोलिक विविधताको कारण दूरसञ्चार उपकरणहरू जडान तथा सञ्चालन गर्न समस्या भएको ।
- छोटो समयमा हुने प्रविधिको परिवर्तनको कारणले नवीन प्रविधिमा आधारित सेवा उपलब्ध गराउन चुनौती रहेको ।
- उच्च प्रतिस्पर्धाको कारण नयाँ ग्राहकहरू आकर्षित गर्न चुनौती रहेको ।
- विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीका आपूर्तिमा भएको समस्याका कारण सेवा विस्तार, मर्मत संभार, सेवा विक्री वितरण सञ्जाल व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन जस्ता कार्यहरूमा चुनौती थपिएको ।

**लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए त्यस बारे सञ्चालक समितिको प्रतिक्रिया:**

लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका सामान्य कैफियत, प्रतिक्रिया र सुझावहरूमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ र सुधारका निम्ति आवश्यक कदम चालि सकिएको छ ।

**लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः**

**कम्पनी** ऐन, २०६३ बमोजिम नेपाल सरकारको स्वीकृति लिई सञ्चालक समितिले आ.व.२०७९/८० को मुनाफा रकम मध्येबाट चुक्ता पूँजीको चालिस प्रतिशतका दरले नगद लाभांश वितरण गर्न सिफारिस गरेको छ ।

**शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण:**

समीक्षा अवधिमा कुनै पनि शेयर जफत गरिएको छैन ।

**विगत आर्थिक वर्षमा कम्पनी र त्यसको सहायक कम्पनीको कारोबार प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन:**

कम्पनी तथा सहायक कम्पनीको कारोबार तथा यससँग सम्बन्धित अन्य परिवर्तन/प्रगति विवरण सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ ।

**कम्पनी तथा यसका सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरेको प्रमुख कारोबार र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तन:**

कम्पनी तथा सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरेको प्रमुख कारोबारको विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत सेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

कुनै जानकारी प्राप्त हुन नआएको ।

**विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी:**

विगत आर्थिक वर्षमा सञ्चालकहरू बाट कुनै शेयर खरीद नगरेको र कम्पनीको शेयर कारोबारमा संलग्न रहेको सम्बन्धमा निजहरूबाट कुनै जानकारी प्राप्त नभएको ।

**विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा:**

कुनै जानकारी प्राप्त नभएको ।

**कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकमः**

**कम्पनीले** हालसम्म आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरण**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरणः**

**यस** सम्बन्धी विस्तृत विवरण कम्पनीको आर्थिक विवरणमा समावेश गरेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको एकमुस्ट पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण :**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न गरेको फर्म, कम्पनी वा सुगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा:**

कुनै रकम बुझाउन बाँकी नभएको ।

**प्रबन्ध सञ्चालक तथा पदाधिकारिहरूलाई भुक्तानी गरिएको पारिश्रमिक तथा सुविधा रकमको विवरण**

आर्थिक वर्ष २०७९/८० मा तह १० र सो भन्दा माथिका पदाधिकारिहरूलाई पारिश्रमिक तथा अन्य सुविधाबापत रु. १४२,९१५,०१७ भुक्तानी गरिएको छ ।

**सेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकमः**

आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्म सेयरधनीहरूले रु.३१७,७४१,९१२/०० लाभांश रकम बुझिलिन बाँकी रहेको छ ।

**दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः**

आर्थिक वर्ष २०७९/८० मा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

**दफा १७५ बमोजिम सम्बद्ध कम्पनी वीच भएको कारोबारको विवरण**

यसै प्रतिवेदन अन्तर्गत उचित स्थानमा खुलाइएको छ ।

**कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरुः**

यसै प्रतिवेदन अन्तर्गत उचित स्थानमा खुलाइएको छ ।

## धन्यवाद ज्ञापन

कम्पनीको उन्नति तथा प्रगतिका लागि कम्पनीको शेयरधनी र शुभचिन्तकहरूको तर्फबाट प्राप्त अटुट समर्थन, सहयोग र हौसलाको लागि सञ्चालक समितिको तर्फबाट म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कम्पनीको विकास तथा सेवा विस्तारका लागि निरन्तर सहयोग र निर्देशनको लागि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सेवा प्रदायकहरू, आपूर्तिकर्ताहरू र सञ्चारकर्मीहरूलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु । कम्पनीको उन्नति र प्रगतिमा निरन्तर लगनशील भई साथ दिने कम्पनी व्यवस्थापन तथा कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

कम्पनीको प्रगतिका लागि कर्मचारीहरूको काम प्रतिको प्रतिबद्धता, लगनशीलता र इमानदारीतलको उच्च प्रशंसा गर्दै सञ्चालक समिति आउँदो वर्षहरूमा सबै बाट सहयोगको अपेक्षा गर्दछ । आगामी दिनमा समेत हामीले ग्राहकको चाहना अनुसार नवीनतम प्रविधिमा आधारित थप गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, सेवा प्रदान गर्ने अवसर प्रदान गर्ने हाम्रा सबै आदरणीय ग्राहकवर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै, आगामी दिनमा समेत यहाँहरूको सहयोग तथा सद्भावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

सञ्चालक समितिको तर्फबाट

कृष्ण बहादुर राउत, अध्यक्ष

२०८०।०९।२९